# त्रिभुवन विश्वविद्यालय

# सुर्खेत बहुमुखी क्याम्पस

## सुर्खेत

**शिक्षण सहायक सरह सुविधा पाउने शिक्षक व्यवस्थापन कार्यविधि, २०८०**

( २०८३ आषाढ २४ गते सम्मको संशोधनसहित )

CamScanner

त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषदको मिति २०७८/११/२० को बैठकको निर्णय नं १२९३ अनुसार सुर्खेत बहुमुखी क्याम्पसमा कम्तीमा एक वर्ष निरन्तर रूपमा अध्यापनरत आंशिक शिक्षकहरुलाई क्याम्पसको आन्तरिक प्रतिस्पर्धाबाट शिक्षण सहायक सरह सुविधा पाउने गरी शिक्षक व्यवस्थापन गर्न **शिक्षण सहायक सरह सुविधा पाउने शिक्षक व्यवस्थापन कार्यविधि, २०८०** तयार गरिएको छ।

## परिच्छेद - १: प्रारम्भिक

क) संक्षिप्त नाम र प्रारम्भ : यस कार्यविधिको नाम **शिक्षण सहायक सरह सुविधा पाउने शिक्षकको व्यवस्थापन कार्यविधि, २०८०** रहेको छ।

ख) यो कार्यविधि सुर्खेत बहुमुखी क्याम्पस कार्य समितिबाट पारित भएका मितिदेखि लागु हुनेछ।

## परिच्छेद - २: परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) **क्याम्पस प्रमुख** भन्नाले त्रिभुवन विश्वविद्यालयबाट नियुक्त भई सुर्खेत बहुमुखी क्याम्पसमा कार्यरत क्याम्पस प्रमुखलाई जनाउँछ।

ख) **अतिरिक्त कक्षाका लागि शिक्षक** भन्नाले सुर्खेत बहुमुखी क्याम्पसमा अतिरिक्त कक्षा अध्यापन कार्यमा संलग्न आंशिक शिक्षक सम्झनु पर्दछ।

ग) **छनौट समिति** भन्नाले शिक्षण सहायक सरह सुविधा पाउने गरी आंशिक शिक्षकहरुबाट छनौट गर्न क्याम्पस प्रमुखले गठन गरेको शिक्षक छनौट समितिलाई सम्झनु पर्दछ।

घ) **अतिरिक्त कक्षा भार** भन्नाले यस सुर्खेत बहुमुखी क्याम्पसमा प्राध्यापन गर्ने नियमित वा पूर्णकालीन शिक्षक लामो समयको बिदा, काज वा सरुवा भई अन्यत्र गएको अवस्थामा वा कुनै नयाँ कार्यक्रम थप भई शिक्षकको आवश्यकता परेमा वा पूर्णकालीन शिक्षकलाई तोकिएको कक्षा भारभन्दा बढी कक्षा भार भई पूर्णकालीन शिक्षकले बढी भएको कक्षा भार लिन नसक्ने भएमा सो कक्षालाई अतिरिक्त कक्षा भार सम्झनु पर्दछ।

ङ) **अतिरिक्त कक्षा भारकोर्स सम्झौता** भन्नाले एक शैक्षिक सत्रमा कुनै एक विषय पढाउने सम्बन्धमा कोर्स पुरा गर्ने समय पारिश्रमिकको निर्धारण, पारिश्रमिक भुक्तानी गर्ने विधि आदि उल्लेख गरी क्याम्पस प्रमुख सँग गरिएको कोर्स सम्झौता सम्झनु पर्दछ।

च) **क्याम्पस** भन्नाले सुर्खेत बहुमुखी क्याम्पस, सुर्खेतलाई सम्झनु पर्दछ।

छ) **आंशिक शिक्षकको पूर्ण कक्षा भार** भन्नाले स्नातक तहतर्फ साप्ताहिक १८(अठाह्र) पिरिएड र स्नातकोत्तर तहतर्फ हप्ताको १२(बाह्र) क्रेडिड घण्टा कक्षा भार लिएको आंशिक शिक्षकलाई जनाउने छ।

ज) **लिखित परीक्षा** भन्नाले क्याम्पस छनौट समितिद्वारा लिइने प्रतियोगितात्मक लिखित परीक्षा सम्झनु पर्दछ।

## परिच्छेद -३: अतिरिक्त कक्षा संचालनका लागि आंशिक शिक्षकको व्यवस्थापन

क) यस क्याम्पसमा आंशिक शिक्षकहरुद्वारा लिइएका कक्षाहरूलाई नियमित र व्यवस्थित गर्ने सम्वन्धमा क्याम्पसमा कम्तीमा एक शैक्षिक सत्र पूरा गरेका आंशिक शिक्षकहरुलाई

आवश्यकता, औचित्यता, नियमितता, जेष्ठता, निरन्तरता, अनुभव र तोकिएको पूर्ण कक्षा भार लिएको आधारमा त्रि. वि केन्द्रीय कार्यालयको स्वीकृतिमा क्याम्पसले निर्णय गरी क्याम्पसको आन्तरिक स्रोतबाट ब्यहोर्ने गरी आंशिक शिक्षकहरुलाई शिक्षण सहायक सरह पारिश्रमिक पाउने गरी अध्यापन कार्यमा संलग्न गराइने छ।

ख) त्रि. वि. सेवा आयोगबाट प्रकाशित गरेको नतिजामा वैकल्पिक सूचीमा रहेका व्यक्तिलाई प्राथमिकता दिई अध्यापन कार्यमा संलग्न गराइने छ र त्यस्ता व्यक्तिलाई त्रि.वि केन्द्रीय कार्यालयको स्वीकृतिको आधारमा छनौट प्रक्रिया बिना नै सम्झौता गरी सिधै नियुक्त गर्न सकिनेछ।

ग) नियमित वा पूर्णकालीन शिक्षकको कक्षा भार छुट्ट्याई बाँकी रहेका कक्षाहरु हाल नियमित रुपमा कार्यरत आंशिक शिक्षकहरुले तोकिएको पूर्ण कक्षा भार लिएको अवस्थामा मात्र शिक्षण सहायकले पाए सरहको पारिश्रमिक पाउने गरी अध्यापन कार्यमा संलग्न गराइने छ।

घ) आंशिक शिक्षकको लागि पूर्ण कक्षा भार नपुग्ने अवस्था भएमा वा त्रिभुवन विश्वविद्यालयद्वारा जारी गरेको **त्रिभुवन विश्वविद्यालय अतिरिक्त कक्षा व्यवस्थापन समवन्धी निर्देशिका २०७७** अनुसार कोर्स सम्झौता गरी अध्यापन कार्यमा संलग्न गराइने छ।

## परिच्छेद – ४: शिक्षक छनौटका आधारहरू

**क) उम्मेदवारको योग्यता र विज्ञापन**

बिभिन्न पद संख्या र प्रतियोगिताको किसिम समेत खुलाई छनौट समितिबाट १५ दिनको म्याद राखी सिफारिस गर्ने पदहरुको विज्ञापन स्थानीय पत्रपत्रिकामा प्रकाशित गरिनेछ।

ख) उम्मेदवारहरुले तोकिएको दस्तुरसहित निर्धारित समय भित्र क्याम्पस प्रशासनमा दरखास्त बुझाउनु पर्नेछ।

ग) उम्मेदवारले त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको हुनुपर्दछ।

घ) परिच्छेद-४ (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि अन्य संकाय वा संस्थाबाट न्यूनतम द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरी नियमित रुपमा १ शैक्षिक सत्र शिक्षाशास्त्र संकाय अन्तर्गतका विषयहरु यस क्याम्पसमा निरन्तर अध्यापन गरेका आंशिक शिक्षकहरुको हकमा जुनसुकै संकाय वा संस्थानबाट स्नातकोत्तर उत्तीर्ण गरेको भएपनि शिक्षाशास्त्र संकायमा आफूले अध्यापन गरेको विषयमा आवेदन दिन योग्य मानिनेछ।

ङ) आवेदन फारम म्यादभित्र प्राप्त नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लेखित अन्य विवरण नखुलाएको वा नमिलेको, परीक्षा दस्तुर नबुझाएको वा अन्य रितपूर्वकको नदेखिएमा त्यस्तो आवेदन फाराम जुनसुकै बखत पनि रद्द गर्न सकिनेछ।

च) क्याम्पसमा दाखिला भइसकेको आवेदन दस्तुर र सम्बन्धित संलग्न कागजात फिर्ता गरिने छैन।

छ) PHD र M.Phil. उपाधि मध्ये कुनै एक उपाधिको मात्र अङ्क पाइने छ।

ज) M.Phil. उपाधीमा CGPA-C भन्दा तलको CGPA को अङ्क प्रदान गरिने छैन।

झ) सम्बन्धित विषयको PHD वा M.Phil. उपाधिको मात्र अङ्क प्रदान गरिने छ ।

**ख) शिक्षक छनौट समिति**

त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयबाट स्वीकृति प्राप्त भएका विषयहरुमा हाल निरन्तर रुपमा अध्यापन कार्यमा संलग्न आंशिक शिक्षकहरुबाट शिक्षण सहायकले पाए सरह पारिश्रमिक पाउने गरी अध्यापन कार्यमा संलग्न शिक्षहरुको छनौट गर्दा तपसिल बमोजिम शिक्षक छनौट समिति गठन गरिने छ ।

क्याम्पस प्रमुख – संयोजक

सहायक क्याम्पस प्रमुख – १ जना

क्याम्पस प्रमुखले तोकेको शिक्षक - १ जना - सदस्य

सम्बन्धित विषय विज्ञ (सह प्राध्यापक वा प्राध्यापक) - कम्तिमा १ जना

ख) शिक्षक छनौट समितिले क्याम्पसको आवश्यकता, औचित्यता, जेष्ठता, निरन्तरता, अनुभव र तोकिएको पूर्ण कक्षा भार जस्ता कुरालाइ आधार मानेर शिक्षक छनौट गर्नेछ।

ग) शिक्षक छनौट गर्दा त्रिभुवन विश्वविद्यालय सुर्खेत बहुमुखी क्याम्पस बाहेकका अन्य सरकारी, सामुदायिक, गैर सरकारी, निजी संघ संथा वा निकायहरुमा पूर्णकालीन सेवामा कार्यरत रहेकाहरुलाई शिक्षक छनौट गर्न पाइने छैन । तर त्यस्ता संस्था, निकाय वा कार्यालयमा पूर्णकालीन सेवामा कतै पनि कार्यरत छैन भन्ने स्व-घोषणा पत्र वा कवुलियतनामा पत्र भएको खण्डमा शिक्षक छनौट गर्न बाधा पुग्ने छैन। कथम् कदाचित यस किसिमका पूर्णकालीन सेवामा संलग्न भएको पाइएमा निजलाई सेवाबाट हटाई रिक्त स्थानमा वैकल्पिक उम्मेदवारलाई छनौट गरिनेछ ।

घ) को बुदा नं (ग) मा जे सुकै लेखिएको भएतापनि क्याम्पसमा अतिरिक्त कक्षा व्यवस्थापन गर्न शिक्षक अभाव भएको अवस्थामा विषयगत दक्षताको आधारमा त्रिभुवन विश्वविद्यालय बाहेकका अन्य सरकारी, सामुदायिक, गैर सरकारी, निजी संघ संस्था वा निकायहरुमा कार्यरत व्यक्तिहरुलाई कोर्स सम्झौता गरेर वा प्रति पिरियडका दरले पारिश्रमिक दिने गरी आंशिक शिक्षक / विषय विज्ञको हैसियतमा अध्यापन कार्यमा संलग्न गराउन बाधा पर्ने छैन।

ङ) एउटै समयमा नियुक्त भई अध्यापन कार्यमा संलग्न आंशिक शिक्षकहरुलाई शिक्षण सहायकले पाए सरहको पारिश्रमिक पाउने गरी शिक्षक छनौट गर्दा योग्यता र क्षमतालाई आधार मानी आंशिक शिक्षकको नियुक्ति मिति, शैक्षिक योग्यताको प्रमाण पत्रको प्राप्ताङ्क र निरन्तरतालाई समेत ध्यानमा राखी छनौट गरिनेछ ।

च) शिक्षक छनौट समितिले त्रिभुवन विश्वविद्यालयको स्वीकृति अनुसारको संख्यामा बिभिन्न विषयमा उत्तीर्ण शिक्षकहरुको नाम नियुक्तिका लागि क्याम्पसमा सिफारिस गर्नेछ।

छ)शिक्षक छनौट समितिले शिक्षण सहायक सरहको सुविधा पाउने गरी शिक्षक छनौट गर्दा आवश्यक पर्ने थप कार्यविधि आफैले तयार गर्न सक्नेछ।

ज) शिक्षक छनौट समितिले आवश्यकता अनुसार त्रि.वि सेवा आयोग वा लोक सेवा आयोगको सहयोग लिन सक्नेछ।

## परिच्छेद - ५: शिक्षण सेवामा सिफारिसका आधार

कार्यविधिमा उल्लेख भएअनुसार शिक्षण सहायक सरह पारिश्रमिक पाउने शिक्षकको छनौटको आधार शैक्षिक योग्यता, प्राज्ञिक कार्य, अनुभव, लिखित परीक्षा र अन्तर्वार्ता हुनेछ । शैक्षिक योग्यता अनुसन्धान तथा कृतिको देहायको आधारमा अङ्क प्रदान गरिनेछ।

| क्र.स | आधार | अङ्क |
|---|---|---|
| क | शैक्षिक योग्यता | २५ |
| ख | अनुसन्धान तथा कृति प्रकाशन | ५० |
| ग | शिक्षण सेवा अनुभव | ५ |
| घ | लिखित परीक्षा | २०० |
| ङ | अन्तरवार्ता | २० |
| | जम्मा | ३०० |

**क) शैक्षिक योग्यता (अधिकतम २५ अङ्क)**

| शैक्षिक योग्यता | विशिष्ट/CGPA: A वा सो सरह (A/A-) | विशिष्ट/CGPA: B वा सो सरह (B+/B) | विशिष्ट/CGPA: C वा सो सरह © |
|---|---|---|---|
| स्नातक | ५ | ४ | ३ |
| सम्बन्धित विषयको स्नातकोत्तर | ८ | ७ | ६ |
| सम्बन्धित विषयमा विद्यावारिधि वा सम्बन्धित विषयको एम.फिल | १२<br>६ | ५ | ४ |



CamScanner

(ख )अनुसन्धानात्मक कृति : (अधिकतम ५० अङ्क)

| शीर्षक | अधिकतम अङ्क |
|---|---|
| जर्नलमा प्रकाशित अनुसन्धानात्मक लेख | ३४ |
| सम्बन्धित विषयको सन्दर्भ ग्रन्थ/अनुसन्धान ग्रन्थ | १० |
| सम्बन्धित विषयको अनुसन्धानात्मक प्रतिवेदन | ६ |

(१) जर्नलमा प्रकाशित लेखका लागि शिक्षण सहायक सरह सुविधा पाउने गरी शिक्षक व्यवस्थापन गर्न देहाय बमोजिमको अधिकतम ४०-अङ्क प्रदान गर्न सकिने छ।

| आवेदित पद | अनुसन्धानात्मक कृति | अङ्क विभागन | | | | अधिकतम अङ्क |
|---|---|---|---|---|---|---|
| | | क श्रेणी | ख श्रेणी | ग श्रेणी | घ श्रेणी | |
| शिक्षण सहायक सरह | प्रति कृति अङ्क | ६ | ३ | २ | १.५ | ४० |
| | प्रति श्रेणी अधिकतम अङ्क | ४० | ३० | २० | ७.५ | |

लेख तथा कृतिको अङ्क प्रदान गर्दा जर्नलको श्रेणी विभाजन गरी जुन श्रेणीमा पर्ने जर्नल हो, सोही अनुसार कृति मुल्याङ्कन समितिले प्रति लेखका दरले अङ्क प्रदान गर्नेछ।

(२) प्रति सन्दर्भ ग्रन्थ र अनुसन्धान ग्रन्थको लागि २ अङ्कका दरले बढीमा १० अङ्कसम्म र अनुसन्धान प्रतिवेदनको लागि प्रति अङ्क २ का दरले बढीमा ६ अङ्कसम्म प्रदान गर्न सकिनेछ।

(३) उपविनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उम्मेदवारहरूलाई देहायको अवस्थामा मात्र अनुसन्धान तथा कृति मूल्याङ्कनको अङ्क प्रदान गरिनेछ।

(क) विज्ञापन हुनुभन्दा अघि नै ISBN / ISSN लिई प्रकाशित भएका ग्रन्थ र जर्नलको मुल्याङ्गक गरिनेछ। ISBN नभएका पुस्तक/सबै प्रकारका ग्रन्थ र ISSN नभएको जर्नलको मुल्याङ्कन गरिने छैन। प्रत्येक कृतिको छुट्टाछुट्टै ISBN उल्लेख भएको हुनपर्नेछ। त्रि.वि. केन्द्रीय पुस्तकालयबाट ISBN प्राप्त गरेपश्चात पुस्तक, ग्रन्थ प्रकाशित भएपछि दुई प्रति पुस्तक त्रि.वि. केन्द्रीय पुस्तकालयमा बुझाउनु पर्ने बाध्यात्मक व्यवस्था रहेको हुँदा नेपालबाट प्रकाशित पुस्तक/सबै प्रकाशनका ग्रन्थको ISBN लिएको मिति र दुई प्रति पुस्तक त्रि.वि. केन्द्रीय पुस्तकालयमा बुझाएको सम्बन्धमा त्रि.वि. केन्द्रीय पुस्तकालयबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

(ख) समाचार पत्रहरूमा छापिएका लेखहरूको मूल्याङ्कन गरिने छैन। साथै सम्पादन कार्य, अनुवाद कार्य, गाइड तथा संकलन कार्य मात्र भएको कृतिहरू तथा एब्स्ट्रयाक्टको मुल्याङ्कन गरिने छैन।

(ग) विज्ञापन प्रकाशित भईसकेपछि प्रकाशित भएको अनुसन्धान तथा कृति प्रकाशन एवं शोध निर्देशन कार्यको मूल्याङ्कन गरिने छैन।

(घ) बहु लेखकका नाममा प्रकाशित कृतिको मूल्याङ्कन गर्दा Principal Author भई प्रकाशित कृतिको मूल्याङ्कन पूरा अङ्क, Corresponding Author उल्लेख भएमा निजलाई ७० प्रतिशत र अन्यलाई मुल्याङ्कित अङ्क दामासाहीले प्रदान गरिनेछ।

(ङ) विद्यावारिधि (पी.एच.डी.) को शोधपत्र पुस्तकको रूपमा प्रकाशित भए पनि सो पुस्तकको कुनै अङ्क दिइने छैन।

(च) अनुसन्धान प्रतिवेदनको साथमा अनुसन्धान गराउने संस्थाको अनुसन्धान पूरा भएको मिति तथा उक्त अनुसन्धान प्रतिवेदन मूल्याङ्कन भई स्वीकृत भएको भन्ने विवरणसहितको आधिकारिक पत्र सक्कल नै अनुसन्धान प्रतिवेदनमा नै संलग्न भएको हुनु पर्ने छ। यस्ता आधिकारिक पत्र संलग्न नभएको अनुसन्धान प्रतिवेदनको मूल्याङ्कन गरिने छैन। शैक्षिक उपाधि र अध्ययन भ्रमणका लागि प्राप्त शोधवृत्ति बापतको प्रतिवेदन तथा परामर्श सेवाको प्रतिवेदन मूल्याङ्कन गरिने छैन। अनुसन्धान प्रतिवेदनलाई पुस्तक वा जर्नलमा लेखको रुपमा प्रकाशित गरिएको भए कुनै एक वर्गमा मात्र पेश गर्न सकिने छ।

(छ) उम्मेदवारले आवेदन फाराम सँग पेश गरेका अनुसन्धानात्मक र अन्य कृतिहरूको सूची आवेदन फारामका साथै तोकिए बमोजिमको ढाँचामा समेत उल्लेख गरी पेश गर्नु पर्ने छ। उम्मेदवारले पेश गरेको पुस्तक तथा अनुसन्धान कृतिहरुको सूची कृति मुल्याङ्कन गर्नुपूर्व नै सम्बन्धित सबैका जानकारीको लागि सार्वजनिक गरिने र कसैलाई चित्त नबझेको अवस्थामा निश्चित समयावधि भित्र कारण खोली निवेदन दिन सकिने व्यवस्था छनौट समितिले मिलाउने छ।

(झ) विश्वविद्यालयले तोकेको मापदण्डभन्दा बढी प्लेजारिजम भएका कृतिहरुको मूल्याङ्कन गरिने छैन। उम्मेदवारले आफ्ना कृतिहरुको प्लेजारिजम परीक्षण प्रमाणपत्र पेश गर्न सक्नेछन्। प्रमाणपत्र पेश नगरेका कृतिहरुको प्लेजारिजम परीक्षण मापदण्डभित्र रहेको स्व-घोषणा गर्नुपर्नेछ। कुनै कृति मापदण्डभन्दा बढी प्लेजारिजम भएको छ भनी उजुरि परेमा आयोगले परीक्षण गराउनेछ। परीक्षण गराउँदा विश्वविद्यालयले तोकेको मापदण्डभन्दा बढी प्लेजारिजम भएका कृतिहरुको मूल्याङ्कन गरिने छैन।

(ञ) जर्नलको एक अङ्क (Volume) बाट एक उम्मेदवारको एउटा लेख मात्र मूल्याङ्कन हुनेछ। अनलाइन प्रकाशित हुने जर्नलको हकमा फरक फरक समयमा लेखको अनलाइन संस्करण प्रकाशित भएको रहेछ भने त्यस्तो अवस्थामा सबै लेख मुल्याङ्कन गरिनेछ।

(ट) पुस्तकमा स्पष्ट रुपमा प्रथम संस्करण मिति उल्लेख भएको हुनु पर्नेछ। प्रथम संस्करण उल्लेख नगरी संस्करण मात्र लेखिएको पुस्तकहरू मूल्याङ्कनमा पर्ने छैनन्। साथै पुस्तकमा प्रकाशकको सम्पर्क गर्न मिल्ने ठेगाना उल्लेख भएको हुनु पर्नेछ।

(ठ) एउटा अनुसन्धानमूलक लेख, प्रतिवेदन अथवा पुस्तकको रुपमा जसरी प्रकाशन भए पनि कुनै एक प्रकाशनको मात्र मुल्यांकन गरिने छ।



CamScanner

(ङ) अंग्रेजी र नेपाली भाषा बाहेक अन्य भाषामा प्रकाशित कृतिहरु भाषा विषयमा सोही भाषामा लेखिएको बाहेक) अंग्रेजी वा नेपाली भाषामा उल्था गरी पेश गर्नु पर्नेछ। अन्यथा त्यस्ता कृति मुल्यांकन गरिन छैन।

४. **कृति मूल्याङ्कन सम्बन्धी व्यवस्था -** अनुसन्धान तथा कृति मूल्याङ्कन गराउँदा छनौट समितिले सम्बन्धित विषयका कम्तीमा २ जना विशेषज्ञको सहयोग लिनेछ। जर्नलका श्रेणी निर्धारण गरी प्रत्येक उम्मेदवारले प्राप्त गर्ने अङ्क प्रदान गर्नेछ।

(क) उम्मेदवारले पेश गरेका पुस्तक तथा अनुसन्धान ग्रन्थको मूल्याङ्कन गर्न आयोगले तोके बमोजिमको फारम प्रयोग गरी विशेषज्ञले समितिले मूल्याङ्कन गर्नेछ।

(ख) उम्मेदवारसँग सह-लेखक भई कृति प्रकाशन गरेको कुनै व्यक्ति कृति मूल्याङ्कनको लागि विशेषज्ञको रूपमा रहन योग्य हुने छैन। तर कुनै विषयमा सहलेखक बाहेकको विशेषज्ञ उपलब्ध हुन नसक्ने अवस्था भएमा निकटतम विषयको विशषज्ञबाट कृति मूल्याङ्कन गराइने छ। निकटतम विषयको विशेषज्ञ समेत उपलब्ध नहुने अवस्थामा दुईजना विशेषज्ञले संयुक्त रूपमा कृतिको अङ्क प्रदान गर्ने गरी सहलेखकलाई पनि कृति मूल्याङ्कनमा सहभागी गराउन सकिने छ।

(ग) कृति मुल्याङ्कन गर्नुपूर्व उम्मेदवारले पेश गरको पुस्तक तथा अनुसन्धान कृतिहरुको सम्बन्धमा पाप्त उजूरी समेतको आधारमा कतिहरु मुल्याङ्कन हुन योग्य छन् छैनन्, कृतिसाथ पेश गरेका आधारहरु र प्रमाणहरु पर्याप्त छन् छैनन्, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरु Peer Reviewed हुन् होइनन्, उक्त जर्नलहरु SCI mago Journal वा Impact factor Rated Journal हुन् होइनन्, पेश भएका जर्नलहरु कुन श्रेणीका हुन् भन्ने लगायतका विषयमा विशेषज्ञहरु सम्मिलित संयन्त्र समितिबाट यकिन भएपछि मात्र उम्मेदवारले पेश गरका पुस्तक तथा अनुसन्धान कृतिहरुको मुल्याङ्कन प्रकृया अगाडि बढाइने छ। यस प्रयोजनको लागि आवश्यक प्रक्रिया छनौट समितले आफै तोक्ने छ।

(घ) विज्ञापन प्रकाशत हुनुभन्दा अघि प्रकाशिन भएका कृतिहरुलाई मात्र मुल्याकनमा समावेश गरिनेछ।

a) उम्मेदवारले आफ्ना कृतिहरुको जुन प्रक्रिया अन्तरगत मूल्याङ्कनका लागि पेश गरेको छ, सोही प्रकार अन्तरगत रहेर मूल्याङ्कन गरिने छ।
b) आवेदकले पेश गरेको भन्दा भिन्न प्रकारमा कुनै पनि कृतिको मूल्याङ्कन गरिने छैन।
c) अनुसन्धान प्रतिवेदनको साथमा अनुसन्धान गराउने संस्थाको अनुसन्धान पुरा भएको मिति तथा उक्त अनुसन्धान प्रतिवेदन मूल्याङ्कन भई स्वीकृत भएको भन्ने विवरण सहितको आधिकारिक पत्र सक्कल नै अनुसन्धान प्रतिवेदनमा संलग्न भएको हुनुपर्नेछ। त्यस्तो आधिकारिक पत्र संलग्न नभएका अनुसन्धान प्रतिवेदनको मूल्याङ्कन गरिने छैन।
d) उम्मेदवारले आवेदन फाराम सँग पेश गर्न ल्याएका अनुसन्धान र अन्य कृतिहरुको सूची आवेदन फारामसाथ पेश गर्नु पर्ने छ।
e) २० प्रतिशत भन्दा बढी प्लेजारिजम भएका कृतिहरुको मूल्याङ्कन गरिने छैन।
f) जर्नल/ पत्रिकाको एक अङ्क ( Issue) बाट एक उम्मेदवारहरुको एक लेख मात्र मूल्याङ्कन हुनेछ।

g) उम्मेदवारले पेश गरेको कृति अध्यापन र आवेदन गरेको विषयसंग सम्बन्धित भए नभएको सम्बन्धमा स्पस्ट गर्नु पर्ने भए छनौट समितिबाट निर्णय भए बमोजिम हुनेछ।

h) पेश गरिएका कृतिहरुको मुल्याङ्कन सम्बन्धित विषयका २ जना विज्ञहरुद्वारा गराइनेछ । सम्बन्धित विषयका विज्ञ उपलब्ध नभएको अवस्थामा ती विषयसँग मिल्दा अन्य विषयका विज्ञबाट कृति मूल्याङ्कन गराइनेछ।

(ग) **शिक्षण सेवा अनुभव (अधिकतम ५ अङ्क)-** सुर्खेत बहुमुखी क्याम्पसमा कम्तीमा हप्तामा ६ पिरियड लिई आंशिक शिक्षक भई अटूट रुपमा कार्यरत रहेको भए अनुभव वापत प्रति वर्ष ०.५ का दरले बढीमा ५ अङ्क प्रदान गरिनेछ । यसरी आंशिक शिक्षकको रुपमा काम गरेको कुरा सम्बन्धित लेखा शाखा र प्रशासन शाखाबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ।

**(घ) अन्तरवार्ता :** (अधिकतम २० अङ्क) अन्तरवार्ता अन्तर्गत प्रयोगात्मक परीक्षा र कक्षा डेमोन्स्ट्रेशन समेत लिन सकिनेछ। छनौट समितिका विज्ञ तथा अन्य सदस्यले प्रदान गर्ने अङ्क निम्न बमोजिम हुनेछ।

विज्ञ – १६

अन्य – ४

विज्ञ तथा अन्य सदस्यले ७०% भन्दा बढी र ४०% भन्दा कम अङ्क दिनुपर्ने भएमा चित्तबुझ्दो कारण उल्लेख गर्नुपर्नेछ।

## परिच्छेद – ६: लिखित परीक्षाको नतिजा प्रकाशन

क) लिखित परीक्षाको उत्तीर्णाङ्क प्रत्येक पत्रमा ४० प्रतिशत हुनेछ।

ख) लिखित परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा वर्णानुक्रम सूची निर्धारण गरी अन्तरवार्ताका लागि लिखित परीक्षाको नतिजा प्रकाशित गरिने छ।

ग) अन्तरवार्ताका लागि योग्य उम्मेदवारहरुको नामावली प्रकाशित गर्दा माग संख्या १ भएमा २ जनासम्मको नाम,२ भएमा ४ जनासम्मको नाम र माग संख्या ३ वा सो भन्दा बढी भएमा ५० प्रतिशत थप गरी प्रकाशन गरिनेछ।

घ) एकभन्दा बढी उम्मेदवारहरुको लिखित परीक्षाको अन्तिम प्राप्ताङ्क समान भएमा बराबर प्राप्ताङ्क भएका सबै उम्मेदवारलाई नतिजामा समावेश गरिनेछ।

ङ) प्रतियोगितात्मक लिखित परीक्षा छनौट समितिले निर्धारण गरेको मिति,समय र स्थानमा हुनेछ।

च) लिखित परीक्षाको प्रश्न पत्र सङ्कलन, परीक्षा सञ्चालन, विषय विज्ञको छनौट र व्यवस्थापन शिक्षक छनौट समितिको सहयोगमा क्याम्पस प्रमुखले गर्नेछ। विज्ञद्वारा उत्तरपुस्तिका परीक्षण गराई छनौट समितिले लिखित परीक्षाको नतिजा प्रकाशन गर्नेछ।

छ) लिखित परीक्षाको पाठ्यक्रम तोक्ने अधिकार छनौट समितिलाई हुनेछ।

ज) लिखित परीक्षाका सबै उत्तरपुस्तिका परीक्षणका लागि पठाउनु पूर्व दोहोरो संकेत प्रविधि अवलम्बन गरिने छ। कोडिङपछि सबै अर्धकट्टीहरु खाममा सिलबन्दी गरी कोडिङ कार्यमा



CamScanner

संलग्न सबैको हस्ताक्षर गरइ उनीहरुकै रोहवरमा मात्र खोल्न सकिने गरी दराजमा सुरक्षित राखिने छ।

झ) विषयगत हरेक उत्तरपुस्तिकाको मूल्याङ्कन विषय विशेषज्ञबाट गराईने छ।

ञ) लिखित परीक्षामा ४० प्रतिशत अङ्क प्राप्त गरेका उम्मेदवारहरु मात्र वर्णानुक्रम सूचीमा पर्नेछन्।

## परिच्छेद - ७: अन्तरवार्ता

क) छनौट समितिले क्याम्पस प्रशासनसँग समन्वय गरी अन्तरवार्ताको सूचना गर्नेछ।

ख) अन्तरवार्तामा विषय विशेषज्ञ कम्तिमा १ जना, छनौट समितिका संयोजक तथा सदस्यहरु रहनेछन्।

ग) अन्तरवार्ताका लागि विषय विशेषज्ञलाई ८० प्रतिशत र अन्यका लागि २० प्रतिशत अङ्क गरी मूल्याङ्कन गरिनेछ।

घ) विशेषज्ञ उपलब्ध गराइदिनका लागि छनौट समितिले लिखित परीक्षा पूर्व क्याम्पस प्रमुखलाई पत्राचार गर्नेछ। क्याम्पस प्रमुखले प्राध्यापक/सह-प्राध्यापक मध्येबाट र उपलब्ध नभएको खण्डमा सम्बन्धित विषयका उप-प्राध्यापकलाई विशेषज्ञ तोक्नेछ। विश्वविद्यालय सेवा प्रवेश पाउने उद्देश्यले शैक्षिक योग्यता, कृति, उमेर, नागरिकता, अनुभव आदि ढाँटेको देखिएमा त्यस्ता उम्मेदवारलाई अन्तरवार्तामा समावेश गराइने छैन र निजको आवेदन स्वतः रद्द हुनेछ।

ङ) शिक्षक छनौट समितिबाट छनौट भई नियुक्तिका लागि सिफारिस भई आएका आंशिक शिक्षकको विवरण उल्लेख गरी क्याम्पसले स्वीकृति र समर्थनका लागि त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयमा पठाउने छ।

## परिच्छेद – ८: नियुक्ति सिफारिस सम्बन्धी व्यवस्था

क) उम्मेदवारको छनौट सम्बन्धी सम्पूर्ण प्रकिया सम्पन्न भएपछि छनौट समितिले सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको रोल नं, नामथर , ठेगाना आदि उल्लेख गरी योग्यता क्रम अनुसार अन्तिम नतिजा प्रकाशन गर्नुपर्नेछ।

ख) सफल भएका उम्मेदवारहरुले प्राप्त गरेको कुल अङ्क प्रकाशित गर्नुपर्नेछ।

ग) प्रतियोगितामा सफल शिक्षकहरुलाई छनौट समितिको सिफारिसमा क्याम्पस कार्य समितिले निर्णय गरी अनुमोदनका लागि त्रि.वि. रजिष्ट्रारको कार्यालयमा पठाउनु पर्नेछ।

घ) त्रि.वि. कार्यकारी परिषदको स्वीकृति र समर्थनपछि मात्र सिफारिस भएका उम्मेदवारलाई नियुक्ति प्रदान गरिनेछ।

ङ) प्रतियोगितामा सहभागी नभई, उत्तीर्ण नभई वा नियुक्ति नलिई पद रिक्त भएको खण्डमा पुनः अर्को विज्ञापन मार्फत पदपूर्ति गरिनेछ।

## परिच्छेद – ९: आवेदन दस्तुर

शिक्षण सहायक सरह सुविधा पाउने गरी गरिएको विज्ञापनको आवेदन दस्तुर बापत रु ४,०००/- ( चार हजार) क्याम्पसको खातामा जम्मा गर्नु पर्नेछ।

## परिच्छेद – १०: सम्झौता र पारिश्रमिक

क) शिक्षक छनौट समितिबाट छनौट भई नियुक्तिका लागि सिफारिस भइ आएका आंशिक शिक्षकको विवरण उल्लेख गरी क्याम्पसले स्वीकृति र समर्थनका लागि त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालयमा पठाउने छ।

ख) स्वीकृति र समर्थन पश्चात् क्याम्पसले सम्झौता गरी अध्यापन कार्यमा लगाउने छ।

ग) छनौट भएका शिक्षकको पारिश्रमिक सुर्खेत बहुमुखी क्याम्पसको आन्तरिक स्रोतबाट ब्यहोर्नुपर्ने भएकोले क्याम्पसले निर्धारण गरे बमोजिम पारिश्रमिक उपलब्ध गराइने छ।

घ) शिक्षण सहायक सरह सुविधा पाउने गरी नियुक्तिका लागि सिफारिस भएका आंशिक शिक्षकहरु नियुक्ति पश्चात अन्य कुनै सरकारी, सामुदायिक वा निजी सङ्घ संस्थामा पूर्णकालीन रुपमा काम गरेको छैन भनी स्व- घोषणा पत्र पेश गरेको खण्डमा मात्र नियुक्ति दिइनेछ। यदि पूर्णकालीन रुपमा काम गरेको प्रमाणित भएमा नियुक्त रद्द गर्न कुनै बाधा पर्ने छैन।

## परिच्छेद – ११: विविध

क) त्रिभुवन विश्वविद्यालय सेवा आयोगबाट सिफारिस भई स्थायी शिक्षक आएपछि वा तोकिएको पूर्ण कक्षा भार नलिएको/नभएको अवस्थामा वा क्याम्पसले आर्थिक व्यवस्थापन गर्न असमर्थ भएको अवस्थामा जुनसुकै बखत शिक्षण सहायक सरह सुविधा पाउने गरी नियुक्त भएका शिक्षकहरुसँगको सम्झौता रद्द हुनेछ।

ख) अध्यापन कार्यमा संलग्न हुन छनौट भएका आंशिक शिक्षकहरुलाई कुनै पनि सरकारी, सामुदायिक वा निजी संस्थामा पूर्णकालीन सेवामा नरहेको स्व- घोषणा पत्र संलग्न राखी एक वर्षको सम्झौता गरी अध्यापन कार्यमा संलग्न गराइने छ। क्याम्पसको आवश्यकता, औचित्यता,आर्थिक क्षमता तथा कक्षा भारको अवस्थाको आधारमा क्याम्पस कार्यसमितिद्वारा निर्णय गरी थप एक वर्षको लागि सम्झौता अवधि बढाउन सकिने छ। यस सम्वन्धी जानकारी त्रि. वि केन्द्रीय कार्यालयलाई दिनु पर्नेछ।

ग) क्याम्पसमा कक्षा भार नभएको अवस्थामा वा क्याम्पसको आन्तरिक स्रोतले धान्न नसक्ने अवस्थामा जुनसुकै वखत पनि नियुक्ति रद्द गर्न सकिने छ।

घ) यो कार्यविधि यस सुर्खेत बहुमुखी क्याम्पस कार्य समितिले पारित गरेको मिति देखि लागु हुनेछ।

ङ) यो कार्यविधिमा आवश्यक संशोधन,थप-घट र परिमार्जन गर्नु परेको खण्डमा उक्त कार्य क्याम्पस कार्य समितिले गर्न सक्नेछ।

च) यो कार्यविधिको व्याख्या र बाधा अड्काउ फुकाउने अधिकार क्याम्पस कार्यसमितिलाई हुनेछ।

छ) यो कार्यविधि त्रिभुवन विश्वविद्यालयको ऐन, नियम, विनियम, निर्देशिकासँग बाझिएमा बाझिएको हदसम्म त्रि.वि. सेवा आयोगको त्रिभुवन विश्वविद्यालय शिक्षक नियुक्तिको सिफारिस सम्बन्धी विनियम २०७५, (२०८१ माघ १४ गते सम्मको संशोधनसहित) बमोजिम हुनेछ।

## अनुसूची -१

## स्व-घोषणा

## आवेदनको ढाँचा

आवेदकले आवेदनका साथ आफ्नो, तालिम, कार्य अनुभव, पुरस्कार , प्रकाशन, प्रकाशनको स्तर निर्धारण, बौद्धिक चोरी परीक्षण, अनुभव गरेको संस्थाको स्तर निर्धारण, सिफारिस लगायतका विषयमा पेश गर्ने प्रमाणपत्र, कागजात र पत्रहरुको आधिकारिकता सम्बन्धमा देहाय बमोजिमको ढाँचामा स्व-घोषणा पेश गर्नुपर्नेछ ।

त्रिभुवन विश्वविद्यालय सेवा आयोग विज्ञापन नं ....................................अनुसार गरेको .................. पदको आवेदक म ................................................यो स्व-घोषणा गर्दछु कि मैले मेरो योग्यता, तालिम सिफारिस लगायतका विषयमा पेश गरेको देहाय बमोजिमका प्रमाणपत्र, कागजात, पत्र विवरण र सूचना आधिकारीक र सत्य हुन्। यी झुठा ठहरे त्रि.वि. नियम अनुसार सजाय भोग्न र क्याम्पसे यिनलाई अदालत वा न्यायिक प्रक्रियामा प्रमाणको रुपमा पेश गर्न चाहे मेरो मञ्जूरी छ।

पेश गरेको कागजात र विवरण सूचीः

१

२

३

४

५

हस्ताक्षरः

मितिः

मोबाइल नः

१. आवेदकले स्व-घोषणामा उल्लेख गरेको र प्रतियोगितामा पेश गरेको कागजात र विवरणमा झुठा वा झुठा प्रभाव पार्ने सूचना पेश गरेको पाइएमा आवेदन र नियुक्ति भइसकेको भए नियुक्ति रद्द गरिनेछ।
२. आवेदकले झुठा विवरण पेश गरेको पाइएमा उक्त विवरणलाई अदालतमा वा न्यायिक प्रक्रियामा प्रमाणको रुपमा पेश गर्न सकिनेछ।



CamScanner

## अनुसूची -२
### स्व-घोषणा

सुर्खेत बहुमुखी क्याम्पसको विज्ञापन नं                                   अनुसार गरियको

पदको आवेदक म                                   यो स्व-घोषणा

गर्दछु कि मैले कुनै पनि सरकारी, गैह्र-सरकारी र निजी संस्थामा पूर्णकालीन रूपमा कार्य गरेको छैन। कहीँ कतै कार्य गरेको भेटिएमा त्रि.वि. नियम अनुसार सजाय भोग्न र सुर्खेत बहुमुखी क्याम्पसले यस स्व-घोषणालाई अदालत वा न्यायिक प्रक्रियामा प्रमाणको रुपमा पेश गर्न चाहेमा मेरो मन्जूरी छ।

हस्ताक्षरः

स्थायी ठेगानाः

मितिः

मोबाइल नः

CamScanner

अनुसूची -३

आंशिक शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३ को परिच्छेद ४

संग सम्बन्धित

दरखास्त फारम

सुर्खेत बहुमुखी क्याम्पस

सुर्खेत

PP Size
Photo

दर्ता नं .............

विज्ञापन नं.........................

**(क) उम्मेदवारको व्याक्तिगत विवरणः**

उम्मेदवारको नाम ( देवनागरीमा)

उम्मेदवारको नाम ( अंग्रेजी क्यापिटल अक्षरमा)...........................................................................

नागरिकता नं .......................जारी गर्ने जिल्ला ..........................जारी मिति ............................

जन्ममिति (वि.सं)............................(ई.स)..................................हालको उमेर ..................

बाबुको नाम थर ........................................ आमाको नाम थर ...............................................

बाजेको नाम थर ...................................... पति/पत्निको नाम थर..........................................

**यस्थायी ठेगानाः**

प्रदेश.............................जिल्ला............................न.पा./गा.पा.........................................

वडा नं ................टोल.................................फोन नं ..........................................

**अस्थायी ठेगानाः**

प्रदेश.............................जिल्ला............................न.पा./गा.पा.........................................

वडा नं ................टोल.................................फोन नं ..........................................

प्रत्राचार गर्ने ठेगानाः .....................................................ईमेलः ..........................................

| शैक्षिक योग्यता | विश्वविद्यालय /बोर्ड/तालिम दिन संस्था | शैक्षिक उपादी | संकाय | श्रेणी/प्रतिशत | मूलविषय |
|---|---|---|---|---|---|
| **Bachelor Degree** | | | | | |
| **Master Degree** | | | | | |
| **M.Phil** | | | | | |
| **PHD** | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण:

| संकाय / संस्थान | पद | तह | मिति | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| | | | | |
| | | | | |
| | | | | |

(घ) अनुसन्धान कृति

| क्र.स. | लेखको प्रकार | शिर्षक | प्रकाशन र प्रकासित मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

(ङ) काक्षा भार

| क्र.स. | तह | पिरियड / क्रेडिट आवर |
|---|---|---|
| | | |
| | | |

उम्मेदवारको औठा छाप

दायाँ वायाँ उम्मेदवारको दस्तखत मिति:

द्रष्टव्य: दरखास्त विज्ञापनमा उल्लेखित लगायत निम्न लिखित कागजातहरु अनिवार्य रूपमा उम्मेदवार आफैले प्रमाणित गरि पेस गर्नुपर्ने छ ।

1. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
2. समकक्षता र सम्बद्धता आवश्यक पर्नेमा सोको प्रतिलिपि
3. विज्ञापन भएको पदको लागी तोकियको न्यूनतम शैक्षिक योग्यता, चारित्रिक र अनुभवको प्रमाणपत्रको प्रतिलिपि

# सुर्खेत बहुमुखी क्याम्पसद्वारा शिक्षण सहायक सरह सुविधा पाउने शिक्षक व्यवस्थापनका लागि लिइने लिखित परीक्षाको पाठ्यक्रम

प्रथम पत्र, पूर्णाङ्क: १००

प्रथम पत्र: अभिक्षमता तथा विषयगत ज्ञान परीक्षण (बहुवैकल्पिक छनौट प्रश्न)

समय: १ घण्टा ४० मिनेट

पहिलो खण्ड: अभिक्षमता परीक्षण (Aptitude Test)

| अभिक्षमता सम्बन्धी प्रश्नका क्षेत्रहरु | अंकभार | प्रश्न संख्या | कूल अंक |
|---|---|---|---|
| (क) शिक्षण अभिक्षमता (Teaching Aptitude) | ८ | ८ | ८ |
| (ख) सञ्चार संवाद अभिक्षमता (Communication Aptitude) | ४ | ४ | ४ |
| (ग) अनुसन्धान तथा प्रकाशन नैतिकता, तथ्याङ्क व्याख्या (Research Aptitude, publication ethics and Data Interpretation) | १० | १० | १० |
| (घ) सूचना तथा सञ्चार प्रविधि (Information & Communication Technology [ICT]) | ८ | ८ | ८ |
| (ङ) मानव , समाज तथा वातावरण People, Society and Environment) | १० | १० | १० |
| (च) उच्च शिक्षा प्रणाली (Higher Education System) | ५ | ५ | ५ |
| (छ) त्रिभुवन विश्वविद्यालय (TU) | ५ | ५ | ५ |
| कूल भार | ५० | ५० | ५० |

## दोस्रो खण्ड: विषयगत परीक्षण

| विषयगत प्रश्नका क्षेत्रहरु | अंकभार | प्रश्न संख्या | कूल अंक |
|---|---|---|---|
| (क) जानकारी तथा बोध/ज्ञान (Knowledge and Comprehension/ understanding) तहका प्रश्न | ३०-३५ | ३०-३५ | |
| (ख) प्रयोगात्मक (Application) तहका प्रश्न | १०-१५ | १०-१५ | |
| (ग) उच्च तह: विश्लेषण, संश्लेषण, मूल्याङ्कन (Analysis, Synthesis, Evaluation) तहका प्रश्न | ५-१० | ५-१० | |
| जम्मा | | ५० | ५० |

**दोस्रो पत्र, पूर्णाङ्कः १००**

**द्वितीय पत्रः विषयगत विज्ञता, अनुसन्धान तथा शिक्षण सिकाइ (विश्लेषणात्मक प्रश्न)**

**समयः ३ घण्टा**

| विषयगत प्रश्नका क्षेत्रहरू | अंकभार | प्रश्न संख्या | कूल अंक |
|---|---|---|---|
| (क) विषयगत ज्ञान तथा विश्लेषण | १० | ५ | ५० |
| (ख) विषयगत नवीन प्रवृत्ति | १० | १ | १० |
| (ग) विषयगत अनुसन्धान विधि तथा प्रयोग | १० | १ | १० |
| (घ) विषयगत प्राज्ञिक समस्या र समाधान | १० | १ | १० |
| (ङ) पाठ्यक्रम | १० | १ | १० |
| (च) शिक्षण सिकाई तथा विद्यार्थी मूल्याङ्कन | १० | १ | १० |

**द्रष्टव्यः**

(क) लिखित परीक्षाका लागि १००/१०० पूर्णाङ्कका दुई पत्रहरू हुनेछन् ।

(ख) प्रत्येक पत्रको उत्तिर्णाङ्क ४०-प्रतिशत हुनेछ।

(ग बहुवैकल्पिक प्रश्नको विकल्प छनोट गर्दा गलत विकल्प छानेमा ऋणात्मक मूल्यांकन (Negative Marking) गरिने छ।

(घ) भाषा विषय बाहेक अन्य विषयका लागि उत्तरको माध्यम अंग्रेजी नेपाली हुनेछ।

CamScanner